नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# राष्ट्रिय किताबखाना (निजामती)

पत्र संख्या:- २०७६/७७ (प्र.)
चलानी नं. :-

मिति : २०७७।०३।३१

## विषय : मिति २०७३।०४।०१ पश्चात पाउने १ दिन बराबरको प्राविधिक २ ग्रेड बापतको ग्रेड रकम सम्बन्धी सूचना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७६/०७७, च.नं. १३३ को मिति २०७७।०३।२९ को पत्रानुसार मिति २०५७।०४।०१ भन्दा अघि प्राविधिक पदमा नियुक्ति भएका कर्मचारीहरूको प्राविधिक ग्रेडका विषयमा सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७३-WO-०२३४ को निवेदन उपर मिति २०७३।०१।१५ मा जारी भएको फैसला र अर्थ मन्त्रालयको प.सं. २०७६।७७ (३०५-विविध), च.नं. ५६९, मिति २०७३।११।०४ को परिपत्रमा उल्लेख भएका विषयमा स्पष्टताका लागि श्री अर्थ मन्त्रालयको राय माग गरिएकोमा सो मन्त्रालयको प.सं. २०७६।७७, च.नं. १०२५, मिति २०७७।०३।२८ को पत्रबाट मिति २०५७।०४।०१ भन्दा अघि प्राविधिक पदमा नियुक्ति भई अवकाश भएका कर्मचारीलाई नेपाल सरकार (म.प.) को मिति २०७६।१०।२७ को निर्णयानुसार अर्थ मन्त्रालयबाट मिति २०७६।११।०४ मा गरिएको परिपत्रको बुँदा नं. (ख) मा **"हाल पदमा बहाल नरहेका तर यस बीचमा सेवा निवृत्त भइसकेका भए निजहरूलाई समेत प्राविधिक ग्रेड बापतको फरक रकम उपलब्ध गराउने"** भन्ने उल्लेख भए बमोजिमको प्राविधिक ग्रेड बापतको फरक रकम अवकाश पछिको भुक्तानी सुविधा संचित विदा बापतको रकम, निवृत्तभरण, उपदान, औषधी उपचारमा समेत थप गरिदिन मिल्ने व्यहोराको राय प्राप्त भएकोले यस बमोजिमको सुविधा प्राप्त गर्ने सेवा निवृत्त प्राविधिक कर्मचारीहरूले उक्त ग्रेड रकम प्राप्त गर्न देहाय बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी यस विभागमा निवेदन दिनुहुन अनुरोध छ ।

१. प्राविधिक ग्रेड बापतको फरक रकम नि.भ.अ.प. मा थप गरिदिनुहुन भन्ने व्यहोराको सम्बन्धित कर्मचारीको निवेदन ।
२. निवृत्तभरण अधिकार पत्र (सक्कलै)
३. निवृत्तभरण अधिकार पत्रको फोटो कपि